# नेपाल खाद्य संस्थान
## खुल्ला पदपूर्ति सम्बन्धि सूचना
## प्रथम पटक प्रकाशित मिति २०७४।१०।१२

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम पदपूर्ति समतिको मिति २०७४।१०।१० को निर्णय समेतका आधारमा यस संस्थानको स्वीकृत दरवन्दी अनुसार रिक्त रहेका दहायका पदहरुमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इन्छुक उम्मेदवारहरुले रित पूर्वकको दरखास्तपेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै , लिखित परीक्षा लोक सेवा आयोगद्धारा सञ्चालन हुनेछ र लिखित परीक्षा कार्यक्रमको सूचना पछि प्रकाशित गरिनेछ ।

| क्र.स. | विज्ञापन नं | पद | तह | माग पद संख्या | खुला र समावेशी | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता । | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १८।२०७४।०७५ | वरिष्ठ अधिकृत (कानून) | ७ | १ | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर उतिर्ण | रु ७०० |
| २ | १९।२०७४।०७५ | बरिष्ठ अधिकृत (गुण नियन्त्रक) (प्रा) | ७ | १ | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट (M.TEC) खाद्य प्रविधिमा स्नातकोत्तर उतीर्ण । | रु ७०० |
| ३ | २०।२०७४।०७५ | बरिष्ठ अधिकृत (मिल मेकानिक्स) (प्रा) | ७ | १ | खुला . | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा स्नातकोत्तर उतीर्ण । | रु ७०० |
| ४ | २१।२०७४।०७५ | बरिष्ठ अधिकृत (प्रशासन ) | ७ | १ | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उतिर्ण | रु ७०० |
| ५ | २२।२०७४।०७५ | अधिकृत ( प्रशासन ) | ६ | ४ | खुला<br>मधेशी<br>दलित | २ (दुई)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतिर्ण | रु ६०० |
| ६ | २३।२०७४।०७५ | अधिकृत (सिभिल इन्जिनियर) | ६ | १ | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरमा स्नातक उतिर्ण | रु ६०० |
| ७ | २४।२०७४।०७५ | अधिकृत (गुण नियन्त्रक) | ६ | १ | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट (B.TEC) खाद्य प्रविधिमा स्नातक उतीर्ण । | रु ६०० |
| ८ | २५।२०७४।०७५ | अधिकृत (मिल मेकानिक्स) | ६ | १ | खुला . | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा स्नातक उतीर्ण । | रु ६०० |
| ९ | २६।२०७४।०७५ | बरिष्ठ सहायक (प्रशासन) | ५ | २ | खुला .<br>महिला | १ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उतिर्ण । | रु ४०० |
| १० | २७।२०७४।०७५ | बरिष्ठसहायक (मिल अपरेटर) (प्रा) | ५ | १ | खुला . | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण । | रु ४०० |
| ११ | २८।२०७४।०७५ | सहायक (प्रशासन) | ४ | ६ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी | ३ (तीन)<br>१ (एक)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी वा सो सरह उतिर्ण | रु ४०० |

**परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता **परीक्षा केन्द्र :** काठमाण्डौं ।

**परिक्षणकाल :** संस्थानको विनियमावली २०६४ (संशोधन सहित) अनुसार हुनेछ ।

**कामको किसिम :** नियूक्ति पत्रमा तोके बमोजिम हुनेछ । **दरखास्त फारम दस्तुर :** रु ५० (पचास) ।

**दरखास्त फारम पाउने तथा वुझाउने स्थान :** संस्थानको प्रधान कार्यलय, भद्रकाली प्लाजा, काठमाण्डौं ।

**परीक्षा दस्तुर बुझाउने बैंक :** ने. बै. लि. धर्मपथ ओ.डि.हि.नं. ००२३०४०००४९७५९२००००००१

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन र दोव्वर दस्तुर तिरी अर्को ७ (सात) दिन भित्र दरखास्त वुझाउन सकिनेछ ।

**सम्पर्क मिति :** पछि प्रकाशित गरिनेछ । **तलब तथा अन्य सुविधा :** संस्थानको विनियमावली अनुसार हुनेछ ।

विज्ञापन नं १८ ,१९, २०,२३ र २५ को पाठ्यक्रम पछि प्रकाशन गरिनेछ ।

**द्रस्टब्य :**

**क)** दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (लवधाङ्क पत्र तथा चारित्रीक प्रमाणपत्र) अनुभव तथा नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि र परीक्षा दस्तुर बुझाएको सक्कल बैकं भैचर/ नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिहरुमा उमेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि दस्तखत गर्नु पर्नेछ ।

**ख)** उमेरको हद : दरखास्त दिने अन्तिम मिति सम्म : अधिकृत स्तरको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा प्राविधिक उमेदवारको लागि ४० वर्ष ननाघेको ।

**ग)** संस्थानमा वहालवाला स्थायी कर्मचारीलाई कुनै पनि पदमा नियूक्तिको लागि उमेरको हद लाग्ने छैन ।

**घ)** दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा अनुभव प्रयोजनको लागि गणना गरिने छैन ।

**ङ)** उम्मेदवार हुन भविष्यमा सेवाको लागि अयोग्य ठहरिने गरि सरकारी वा कुनै संगठित संस्थानको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर नेपाली नागरिक हुनु हुदैन ।

**च)** विज्ञापन अनुसार प्रत्येक पदको लागि दरखास्त फारम छुट्टा छुट्टै हुनु पर्ने छ ।

**छ)** म्याद नाघी वा रित नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**<u>समावेशी तर्फका उमेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु :</u>**

**क)** आदिवासी / जनजातीको हकमा नेपाल आदिवासी जनजाति उत्थान सहित प्रतिष्ठान ऐनमा सूचिकृत भएको सूचिको आधारमा । तर सूचिकृत भएको जाती भित्र एक भन्दा वढी थर भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाती भित्रको थर पनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

**ख)** दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा र सो सूचिकृत भएको जाती भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

**ग)** मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके वमोजिमको मधेशी भनी प्रमाणीत गरेको आधारमा ।

**घ)** अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाण्ति गरेको आधारमा ।

**ङ )** पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, वाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी वसोवास उल्लेख गरि सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाऊँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी वसोवास भएको भनि प्रमाणित गरेको आधारमा ।

**च)** समावेशी तर्फको एक विज्ञापनमा एक भन्दा वढी समूहमा दरखास्त दिने उमेदवारले प्रत्येक थप समुहको लागि तोकिएको परीक्षा दस्तुरको २० प्रतिशत थप दस्तुर बुझाउनु पर्ने छ ।

सहायक स्तर चौथो र पाचौ तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (तर महिला तथा प्राविधिक उमेदवारको लागि ४० वर्ष ननाघेको )

सदस्य सचिव
पदपूर्ति समिति
नेपाल खाद्य संस्थान